जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवर्द्धनको गुरू



www.jaleshwortoday.com
जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१

# जलेश्वर टुडे

Jaleshwor Today Daily
एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

बर्ष १० • अंक ३३३ • २०८० असोज ५ गते शुक्रवार • 22 Sep. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## फोहोर दैनिक रूपमा उठ्न नसक्दा वातावरण दुर्गन्धित



जलेश्वरटुडे समाचारदाता
धनुषा, ४ असोज

जनकपुरधाम उपमहानगर पालिकाको विभिन्न वडाका फोहोर दैनिक रूपमा उठ्न नसक्दा वातावरण दुर्गन्धित भएको छ। फोहोर उठ्न नसकेर वातावरण बिग्रन थालेपछि स्थानीयहरू चिन्ता व्यक्त गरेका छन्।

फोहोर उठाउने साधन स्रोत उपलब्ध गराउने भनिए पनि अहिलेसम्म कुनै साधन स्रोत उपलब्ध नहुँदा वडाले आफूले चाहेअनुसार फोहोर उठाउन नसकेका कारण सडक, टोल र गल्ली दुर्गन्धित बनेको स्थानीयको भनाइ छ। उपमहानगर पालिकाले फोहोर उठाउने जिम्मेवारी वडालाई नै दिने भनिए पनि अहिलेसम्म झाडु खरिद गर्ने अधिकार समेत वडालाई नदिएको वडा १ का अध्यक्ष दिपनारायण यादवले बताउनुभयो। दुई जना सपाइ कर्मचारी पर्याप्त नरहेको र फोहोर सङ्कलनका लागि वडालाई दिने भनिएको सवारी समेत उपलब्ध नगराएको प्रति उहाँको आक्रोश छ। अध्यक्ष यादवले भन्नुभयो, 'फोहोर उठेन भनेर वडावासी हामीमाथि आक्रोशित हुन्छन्। यहाँ उपमहानगरपालिकाको गाडी आउँछ, एक टोलबाट अर्को टोल पुग्दा दुई-चार दिनपछि मात्र पालो आउँछ। त्यसरी पालो आउँदा कैयौं दिनको फोहोर गन्हाएर वातावरण दुर्गन्धित हुँदा वडावासी आक्रोशित हुने स्वाभाविक हो।' यस्तै, जनकपुरधाम वडा १० का अध्यक्ष मिथिलेशकुमार कर्णका अनुसार उपमहानगरका प्रमुख मनोजकुमार साहले निर्वाचित भएपछि सबै वडामा फोहोर सङ्कलनका लागि ट्याक्टर उपलब्ध गराउने, वडालाई नै फोहोर व्यवस्थापनको जिम्मेवारी दिने भनेको स्मरण गर्नुभयो। उपमहानगरकै गाडीले फोहोर उठाउँदा एक टोलको पालो ६ दिनमा आउँछ। यहाँ जनतालाई दैनिक सफा चाहिन्छ, छ दिनको फोहोर गन्हाउन थाल्छ, यसमा उपमहानगर दोषी छ। उपमहानगरकै कारण वडाको दैनिक फोहोर उठाउन नसक्केको अध्यक्ष कर्णले बताउनुभयो। जनकपुरधाम घुम्न आउनुभएका सुनसरीका रामकुमार महतो कोइरीले जनकपुरधाम पवित्र नगर भए पनि फोहोर नउठ्दा सहर दुर्गन्धित भएको बताउनुभयो।

## दिप प्रज्वलन गरी ४१ औं अन्तराष्ट्रिय शान्ति दिवस मनाइए




जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ४ असोज

४१ औं अन्तराष्ट्रिय शान्ति दिवसको अवसरमा वर्दिवास नगरपालिकाको मुख्य चोकमा दिप प्रज्वलन गरी मनाइएको छ।

न्यायममा पहुँच सबलिकरण परियोजना अन्तर्गत समग्र जनउत्थान केन्द्र लहानद्वारा गठित न्यायका लागि नागरिक संजालको आयोजना तथा बर्दिवास नगरपत्रकार संजालको समन्वयमा दिप प्रज्वलन कार्यक्रम गरिएको हो। दिप प्रज्वलन कार्यक्रममा नेपाल प्रेस युनियन मधेस प्रदेशका महासचिव पत्रकार तथा अधिकारकर्मी अजय साहले बिश्व शान्ति दिवसको औचित्य र महत्वका बारेमा प्रष्टयाएका थिए। न्यायका लागि नागरिक संजाल बर्दिवासका अध्यक्ष दिपा लामाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा वोरेक नेपाल महोत्तरीका संयोजक बिना सिंहले द्वन्द्वमा परेका घरपरिवारलाई राज्य उचित क्षतिपूर्ति सहितको बन्दोबस्त अझ सम्म गर्न नसकेकोमा बताउँदै मुलुकमा शान्ति बहालीको कामना गरेकी थिइन्।

यसैगरि कार्यक्रममा नेपाल पत्रकार महासंघ महोत्तरी शाखाका कार्यवाहक अध्यक्ष सुनिता बरालले मुलुक देखिएको विभिन्न किसिमको द्वन्द्व व्यवस्थापन भइ शान्ति सुरक्षा बहाली भइ आम जनताले शान्तिपूर्वक बाँच्न बातावरणको सृजना होओस् भन्दै दिवसको सफलताको शुभकामना व्यक्त गरेकी थिइन्।

संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९८१ मा हरेक वर्ष सेप्टेम्बर २१ को दिनलाई विश्व शान्ति दिवसका रूपमा मनाउने निर्णय गरेको थियो। त्यसपछि हरेक वर्ष संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रले यो दिवस मनाउँदै आएका छन्।

## शिक्षा विधेयक विरुद्ध देशभरका सामुदायिक विद्यालय बन्दको घोषणा



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ४ असोज

सरकारले संसदमा दर्ता गरेको शिक्षा विधेयकविरुद्ध नेपाल शिक्षक महासंघले आजदेखि देशभरका सामुदायिक विद्यालय बन्दको घोषणा गरेको छ। महासंघले आज बिहीबार देखि रुदेशभरका विद्यालय अनिश्चित कालका लागि बन्द गर्ने जनाएको हो। विद्यालय बन्द हुँदा देशभरका ७० लाख भन्दा बढी विद्यार्थीको पठनपाठन अवरुद्ध हुने अवस्था सिर्जना भएको छ।

सरकारले संसद्‌रुमा दर्ता गरेको 'विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक( २०८०' विरुद्ध देशभरका शिक्षक कर्मचारी आन्दोलनमा उत्रिएपछि सामुदायिक विद्यालयको पठनपाठन रोकिने अवस्था सिर्जना भएको छ। महासंघको आह्वानमा देशभरबाट हजारौँ शिक्षक र कर्मचारी काठमाडौं आएका छन्। उनीहरुले आफ्ना माग पूरा गर्न माग गर्दै बुधबार काठमाडौंको माइतीघरमा प्रदर्शनसमेत गरेका थिए।

महासंघले काठमडौं केन्द्रीत प्रदर्शनलाई निरन्तरता दिने जनाएको छ। देशभरका ३४ हजार विद्यालयका दुई लाखभन्दा बढी शिक्षक आन्दोलनमा उत्रिएपछि करिब ७० लाख विद्यार्थीको पढाइ नराम्ररी प्रभावित हुने अवस्था सिर्जना भएको छ। आधा भन्दा धेरै शिक्षक काठमाडौंमा हुने आन्दोलनमा सहभागी हुन आएपछि अरु शिक्षकले पनि पठनपाठन बन्द गरेका छन्। आन्दोलनभर पूर्णरूपमा विद्यालय बन्द रहने महासंघका महासचिव लक्ष्मीकिशोर सुवेदीले बताए।




सरकारी कार्यालय तथा सार्वजनिक संस्थाहरुबाट प्रदान गरिने सेवा सुविधा सम्बन्धमा कुनै किसिमको दु:ख-कष्ट वा अनावश्यक ढिलासुस्ती, झण्झट वा अप्ठ्यारा भोग्नुपरेमा सोको सूचना र सेवा प्रवाह सुधारको लागि कुनै सुझाव भए राष्ट्रिय सतर्कता केन्द्रमा जानकारी गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड




## सम्पादकीय ...

# लोकतन्त्रको आधारस्तम्भ मजबुत

*नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार र स्वशासनको अधिकारलाई स्थापित गर्न नेपालको संविधान जारी भएको यो दिन नेपाली जनताका लागि ऐतिहासिक महत्त्वको दिन हो । यो महत्त्वपूर्ण दिवसको अवसरमा सर्वप्रथम नागरिक अधिकार र लोकतान्त्रिक शासन व्यवस्थाको स्थापनाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात महान् सहिदहरूमा हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । लोकतन्त्र प्राप्तिका लागि सङ्घर्ष गर्नुभएका सम्पूर्ण देशप्रेमी योद्धाप्रति उच्च सम्मान प्रकट गर्दछु ।*

*राष्ट्रिय हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सङ्घर्ष, त्याग र बलिदानको परिणाम स्वरूप गठित जननिर्वाचित संविधान सभाबाट २०७२ साल असोज ३ गते (आजैकै दिन) नेपालको संविधान जारी भएको थियो । त्यसैले आजको दिन हाम्रा लागि विशेष महत्त्वको रहेको छ । आफ्नो संविधान आफैँ निर्माण गर्ने नेपाली जनताको वर्षौंको आकाङ्क्षा पूरा भएको यस दिवसको पुनीत अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।*

*अन्त्यमा, नवौँ संविधान दिवसको शुभ अवसरमा संविधानको पूर्ण परिपालनाबाट समृद्धि र सुशासनको साझा सपना हामी सबै मिलेर जतिसक्दो छिटो साकार पार्न सकौँ भन्ने पुनः एक पटक स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति र उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । साथै, सहिदले देखाएको सत्य र न्यायको मार्गमा हिँड्न तथा उहाँहरूले देखेको सुन्दर र समृद्ध नेपालको सपनालाई साकार पार्न हामी सबैलाई प्रेरणा मिलोस् भन्ने कामना गर्दछु ।*

# सरकारी वकिलबाट कारवाहीका लागि पत्राचार गर्ने निर्णय



जलेश्वरटुडे समाचारदाता
सप्तरी, ४ असोज

पत्रकार तथा अधिकारकर्मी मनोहर पोखरेलमाथि भएको कुटपिट घटनाको उजुरी दर्ता गरी आवश्यक कारवाहीका लागि जिल्ला सरकारी वकिलको कार्यालय सप्तरीले आज जिल्ला प्रहरी कार्यालय पठाउने निर्णय गरेको छ।

मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ५ ९२० बमोजिम जिल्ला प्रहरी कार्यालय सप्तरीले दर्ता गर्न इन्कार गरेको उजुरी आवश्यक कारवाहीका लागि पत्रसहित सक्कल उजुरी पठाउने जिल्ला न्यायाधिवक्ता गोकुल बहादुर निरौलाले बताउनु भयो। संहिताको दफा ५ -१) मा सम्बन्धित प्रहरी कार्यालयले जाहेरी दरखास्त दर्ता नगरेमा सरकारी वकिलको कार्यालय वा माथिल्लो तहको कार्यालयमा उजुरी गर्न सकिने कानुनी व्यवस्था छ। यस्तै दफा ५ -३) मा उल्लेख छ त्यस्तो "जाहेरी दरखास्त वा सूचनालाई सम्बन्धित प्रहरी कार्यालयले दफा ४ को उपदफा (३) बमोजिम दर्ता गरी कारवाही गर्नु पर्नेछ।" सूचना तथा समाचार संकलन गरेर फर्किँदै गरेका बेला अन्नपूर्ण पोष्ट दैनिकका सम्वाददाता, इन्सेक प्रतिनिधी एवम् नेपाल पत्रकार महासंघ सप्तरीका सल्लाहकार पोखरेललाई जिल्ला प्रहरी कार्यालयको परिसरमा कुटपिट गर्ने असई ४० वर्षीय राजेश्वर महतोमाथि कारवाही गर्न माँग गर्दै जिल्ला प्रहरी कार्यालय पुगे पनि एसपी नरेन्द्रकुमार कार्कीले उजुरी दर्ता गर्न अस्वीकार गरेपछि पोखरेल जिल्ला सरकारी वकिलको कार्यालय जानु भएको थियो । कुटपिट घटनाको साढे एक महिना बितिसक्दा पनि जिल्ला प्रहरी कार्यालय सप्तरीले उजुरी दर्ता गर्न वा दरपिठ गर्न समेत नमानेपछि सरकारी वकिलको कार्यालय जानु परेको महासंघ सप्तरीका निवर्तमान अध्यक्ष जितेन्द्र खडगाले बताउनु भयो।

प्रहरी कार्यालयमा उजुरी दर्ता गर्न महासंघ सप्तरीका पूर्व अध्यक्ष तथा प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झा, नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य अवधेशकुमार झा, महासंघ सप्तरी शाखाका सदस्य दिनानाथ यादव, इन्सेक प्रदेश संयोजक पासवान, एडभोकेसी फोरमका अधिवक्ताहरु राजकुमार महासेठ र कुमार प्रसाद थपलिया सहित पीडित पोखरेल असोज १ गते जिल्ला प्रहरी कार्यालय जानु भएको थियो । कुटपिट गरेको स्वयम् आरोपितले साउन १५ गते नै स्विकार गरेको, प्रहरी कार्यालयमा रहेको सीसीटिभीमा समेत रहेको र पोखरेलमाथि दुर्व्यवहार/हातपातमा संलग्न भन्दै असई महतोलाई साउन १६ गतेदेखि नै प्रहरीले निलम्बन गरेको अवस्थामा प्रहरीले आन्तरिक कारवाहीको निर्णय गरेको छैन् । पीडितले न्यायका लागि प्रचलित कानून बमोजिम दिन पाउने उजुरी समेत प्रहरीले नलिएको पत्रकार महासंघका पूर्व केन्द्रिय सदस्य अवधेश झाले बताउनु भयो। राजविराज नगरपालिका-२ का अकबर अलीको विपक्षी जिल्ला प्रहरी कार्यालय समेत भएको गर्भपतन मुद्दामा उच्च अदालत जनकपुर, राजविराज इजलासबाट २०८० जेठ २६ गते भएको परमादेश अनुसारको २०८० साउन ७ गतेको पत्र जिल्ला प्रहरी कार्यालय सप्तरीमा दर्ता भए पनि उजुरी दर्ता नभएकोमा निजकै आग्रहमा प्रमाण खण्डका साक्षी समेत भएर २०८० साउन १५ गते जिल्ला प्रहरी कार्यालय जाँदा पोखरेलमाथि असई महतोले मुक्का र बुटले आक्रमण गरेका थिए। मुद्दा फाँटबाट बाहिरदै गर्दा अचानक आएका असई महतोले गालीगलौज गर्दै धम्काएर रिसाउँदै कार्यालय भित्र गएको एक दुई मिनेटमा फर्किएर मुक्का र बुटले प्रहार गरेको पीडितले बताउनु भयो । पीडितको गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा उपचार भएको थियो । प्रहरीबाट भएको आक्रमणको विरोधमा नेपाल पत्रकार महासंघले एक सातासम्म आन्दोलन गरेपछि साउन ३० गते सिडिओ भूपेन्द्र थापा, एसपी कार्की र पत्रकार महासंघबीच दोषी असई महतोलाई प्रचलित कानुन अनुसार कारवाही गर्ने सहमति भएको थियो । सरकारी वकिलको कार्यालयको सिफरिशमा प्रहरीले उजुरी दर्ता गरी आवश्यक कारवाही प्रकृया अगाडि बढ्ने र न्याय पाइने कुरामा पोखरेलले विश्वास व्यक्त गर्नुभयो। उक्त घटनाका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग, फोरम एशिया, इन्सेक, नेपाल पत्रकार महासंघ सप्तरी, मधेस प्रदेश, केन्द्रिय कार्यालय, आमसञ्चार प्राधिकरण जनकपुरधाम, पत्रकार तथा मानव अधिकार सम्बद्ध विभिन्न संघ-संगठन, सप्तरी जिल्ला वार इकाई, राजविराज उच्च अदालत वार एशोसिएशन, गैसस महासंघ सप्तरी, सामुदायिक सेवा केन्द्र, सप्तरी र सप्तरीमा क्रियाशील ६ राजनीतिक दल लगायतले दोषीलाई कारवाही गर्न माँग गर्दै प्रेस विज्ञप्ति जारी गरेका छन्।

विगत केही दिनदेखी समुदायमा व्यापक रुपमा आँखा पाक्ने रोग फैलिइरहेकोले उक्त रोगबाट बच्न र बचाउनका लागि निम्न उपायहरु अपनाउन हुन सम्बन्धित सबैमा अनुरोध छ ।

**आँखा पाक्ने रोगका प्रमुख लक्षणहरू :**

- एक्कासी एउटा अथवा दुवै आँखा रातो हुने ।
- आँखा धेरे चिलाउने ।
- आँखामा कचेरा लाग्ने तथा टाँसिने ।
- आँखाबाट आँसु बगिरहने ।
- आँखा सुन्निने, दुख्ने/बिझाउने ।



**आँखा पाक्ने रोगबाट बच्ने उपायहरू :**

- जथाभावी रुपमा आँखा नछुने/आँखा छुनुभन्दा पहिले राम्ररी साबुन पानीले हात सफा गर्ने ।
- सफा पानीले आँखा सफा गर्ने ।
- अरुले प्रयोग गरेका तौलिया/रुमाल प्रयोग नगर्ने ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

**आखा पाक्ने रोग लागिहालेमा के गर्ने :**

- पटक-पटक सफा चिसो पानीले आँखा सफा गर्ने ।
- आँखा छोइसकेपछी हरेक पटक साबुन पानीले हात सफा गर्ने ।
- आफूले प्रयोग गर्ने रुमाल, तौलिया, कपडा छुट्टाछुट्टै राख्ने र अरुलाई प्रयोग गर्न वा छुन नदिने ।
- कालो चस्माको प्रयोग गर्ने ।
- आफुले प्रयोग गरेको सिरानीको खोल, तन्ना हरेक दिन सफा गर्ने ।
- जथाभावी रुपमा आँखामा औषधिको प्रयोग नगर्ने ।

सामान्यतया यो रोग १ हप्ताभित्र आफै निको भएर जान्छ तर समस्या बढ्दै गएमा तुरुन्त स्वास्थ्य संस्थाहरुमा गई स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्दछ ।

**हरिपुर नगरपालिकाको कार्यालय, सर्लाही**

## तपाईको टुडे

मेषः मित्रतामा फाटो आउने

वृषः अनावश्यक चिन्ता

मिथूनः अशुभ समाचार प्राप्त हुने

कर्कटः मनमा पछुतो आउने

सिंहः पढाईमा ध्यान दिनुपर्ने

कन्याः पिछडेको साथी मिल्ने

तुलाः अनावश्यक खर्चको संभावना

वृश्चिकः विचार गरेर बोल्नुहोला

धनुः लामो यात्राको योग छ

मकरः खानपानमा समस्या आउने

कूम्भः शुभ कार्यको शुरुवात

मीनः आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलवार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |
| आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं | १९७ |

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )


## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# क्यानडाबाट भारतीय भिसा बन्द भएको घोषणा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ४ असोज



भारतले क्यानडाको राजधानी ओटावास्थित आफ्नो दूतावासबाट जारी गर्दै आएको प्रवेशाज्ञा (भिसा) सेवा बन्द गरेको छ । अर्को सूचना जारी नभएसम्मका निम्ति भिसा सेवा बन्द गरिएको दूतावासका निम्ति सेवा प्रवाह गर्दै आएको बिएसएल इन्टरनेशनल सर्भिसेजले बिहीबार जनाएको छ ।

विगत केही समयदेखि बिएसएल इन्टरनेशनल सर्भिसेजले भारत सरकारका निम्ति भिसा, राहदानी, 'कन्सुलर', प्रमाणीकरण र नागरिक सेवा प्रवाहका साथै प्रबन्ध गर्दै आएको छ। बिएसएलले सरकारी र विश्वका विभिन्न देशमा रहेका भारतीय कूटनीतिक नियोगमा सेवा प्रवाह गर्दै आएको छ । उक्त कम्पनीले आज एक सूचना जारी गर्दै भारतीय भिसा सेवा अर्को सूचना नभएसम्म स्थगन गरिएको जनाउँदै बेलाबेलामा कम्पनीको वेबसाइट हेर्न सम्बन्धित सबैलाई आग्रह गरेको छ। क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले सोमबार पृथकतावादी नेता हरदीपसिंह निज्जरको हत्याको पछाडि भारत सरकारको हात रहेको आरोप लगाएपछि भारत-क्यानडा सम्बन्धमा तनाव उत्पन्न भएको छ। आतङ्कवादी गतिविधिमा संलग्न रहेको आरोपमा पक्राउ गर्नुपर्ने व्यक्तिको सूचीमा रहेका निज्जरको गत जुनमा क्यानडाको ब्रिटिश कोलम्बियास्थित गुरुद्वारा बाहिर गोली हानी हत्या गरिएको थियो ।

क्यानाडाको संसद्मा प्रधानमन्त्री ट्रुडोले आफ्नो देशको राष्ट्रिय सुरक्षा अधिकारीहरूले निज्जरको हत्यामा भारत सरकारका 'एजेन्ट'हरू संलग्न रहेका विश्वसनीय प्रमाण रहेको जानकारी दिएका बताएका थिए । क्यानडाका प्रधानमन्त्री र विदेश मन्त्रीले लगाएको आरोपलाई भारतको विदेश मन्त्रालयले अस्वीकार गर्दै दुवै नेताका भनाइलाई 'बेतुक' बताएको थियो । भारतको विदेश मन्त्रालयले बुधबार भारतीय नागरिक, क्यानडामा रहेका विद्यार्थी र भारत फर्कने योजनामा रहेकाहरूलाई सावधानी अपनाउन सुझाव दिएको छ। भारत विरोधी गतिविधि भएका क्षेत्र र हुनसक्ने सम्भावित स्थानमा नजान भारतीय नागरिक र भारतीय विद्यार्थीहरूलाई आग्रह गर्दै मन्त्रालयले विशेष सावधानी अपनाउन आग्रह गरेको छ ।

# *१७ वर्षको उमेरमा गरिन् डेब्यु, १९ मा बनिन् सुपरस्टार: २४ पुग्दा नपुग्दै किन छोडिन् अभिनय ?*

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ४ असोज



पूजा भट्ट एक जमानाकी निकै चर्चित अभिनेत्री थिइन् । उनको जन्म फिल्मी परिवारमा भएको थियो । पूजाले १७ वर्षको उमेरमा नै अभिनयमा डेब्यु गरेकी थिइन् । १९ वर्षको हुँदासम्म उनी फिल्म उद्योगकी ठूलो स्टार बनिसकेकी थिइन् ।

तर २४ औं वसन्तमा प्रवेश गरेपछि भने उनले अभिनयबाट टाढै बस्ने निर्णय गरिन् । पूजा भट्ट पछिल्लो समय बिग बसको ओटीटी सिजन २ मा प्रतिस्पर्धीको रूपमा सहभागी भएपछि पुनः चर्चामा आएकी छिन् । यति बेला पूजासँग जोडिएका विवाद पनि पुनः चर्चामा आए ।

कार्यक्रमबाट बाहिरिएपछि पूजाले सिद्धार्थ कननसँगको कुराकानीमा अभिनय छोड्ने निर्णयबारे खुलेर कुरा गरिन् । स्मरण रहोस्, पूजाले आफ्ना बुवा महेश भट्टको फिल्म 'ड्याडी' बाट बलिउडमा डेब्यू गरेकी थिइन् । यो फिल्म बक्स अफिसमा हिट भयो । ड्याडीपछि पूजाले 'दिल हे कि मानता नहीं' र 'सडक' मा अभिनय गरिन् । ती फिल्म पनि सुपर हिट रहे ।

१९ वर्ष हुन्जेल पूजा भट्ट सुपरस्टार बनिसकेकी थिइन्। तर २४ वर्षको उमेरमा नै उनले अभिनय छोड्ने निर्णय गरिन्। तर उनी फिल्मी उद्योगबाट भने टाढा रहन सकिनन्। अभिनय छोडे पनि उनले २५ वर्षमा आफ्नै प्रोडक्सन हाउस सुरु गरिन् । उनले उक्त अन्तरवार्तामा २५ वर्षको उमेरमा अभिनय छोडेर निर्देशक बन्ने निर्णय गरेको बताइन् ।

उनले भनिन्, '२५ वर्षको उमेरमा मैले आफ्नै प्रोडक्सन हाउस सुरु गरेँ र 'तमन्ना' बनाएँ । यसका लागि मैले आफ्नो पहिलो नेशनल अवार्ड पाएँ । यसले मलाई आत्म सन्तुष्टि दिलायो । त्यसपछि मैले काजोलसँग 'दुस्मन' र त्यसपछि 'जख्म' जस्ता फिल्म बनाएँ, जसलाई असाध्यै रुचाइयो ।'

# महिला क्रिकेट: भारत र पाकिस्तान एसियाली खेलकुदको सेमिफाइनलमा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ४ असोज



चीनमा जारी एसियाली खेलकुद अन्तरगतको महिला क्रिकेट प्रतियोगितामा भारत र पाकिस्तान सेमिफाइनलमा प्रवेश गरेको छ । दुवै टोलीका खेल वर्षाले प्रभावित भएसँगै वरीयताअनुसार उनीहरू सेमिफाइनलमा प्रवेश गरेका हुन् ।

वर्षाले प्रभावित मलेसियाविरुद्धको क्वार्टरफाइनल खेलमा १५ ओभरमा छोट्याइएको थियो । पहिले ब्याटिङ गरेको भारतले २ विकेटको क्षतिमा १७३ रन बनाएको थियो । तर, मलेसियाले ब्याटिङ सुरु गर्ने बित्तिकै पानी पर्न सुरु भएपछि खेल रद्द गरिएको थियो। पाकिस्तान र इन्डोनेसियाविरुद्धको खेलमा भने एक बल पनि फाल्न सकिएन । बंगलादेश र हङकबीचको विजेताले भारतसँग सेमिफाइनलमा भिड्नेछ । उता श्रीलङ्का र थाइल्याण्डबीचको विजेताले पाकिस्तानको सामना गर्नेछ ।

लक्ष्मीनियाँ गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

लक्ष्मीनियाँ बजार, धनुषा

फोन नं.९८५४०२७२०९
Email: laxminiyamun@gmail.com
Websit: www.Laxminiyamun.gov.np

प.सं.:- २०८०/०८१
च.नं.:-

## घरजग्गा अभिलेखिकरण सम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रथम पटक सूचना प्रकाशन भएको मितिः २०८०।६।५)

लक्ष्मीनियाँ गाउँपालिका भित्र निर्माण भएका भवनहरुको नक्सा एवम् अभिलेखिकरणलाई व्यवस्थित गर्ने उदेश्यका साथ गाउँ कार्यपालिकाको मिति २०८०।०६।०४ गतेको निर्णयानुसार गाउँपालिका क्षेत्रभित्र भवन संहिता, २०७२ लागु भए पश्चात तत्कालीन प्रचलित कानुन बमोजिम नक्सा पास गरिएकोमा नक्सा पास नगरी वा मापदण्ड विपरीत निर्माण भएका भवनहरुको अभिलेखिकरण गरी लक्ष्मीनियाँ गाउँपालिकाको वस्ती विकास तथा सहरीकरणको अवधारणालाई मूर्तरुप दिन तपसिलमा उल्लेखित शर्तहरु बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३ महिनाभित्र सम्बन्धित घरधनीलाई आवश्यक कागजातहरु सहित यस गाउँपालिकाको कार्यालयमा दरखास्त पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

१) कम्तीमा ९/९ ईन्चन पिलर साईज भएको ।
२) पिलर नभएको गारो मात्र भएको हकमा बाहिरि गारो ९ ईन्च सम्म भएको ।
३) गारो मात्र भएको घरको हकमा भुईतल्ला र पहिलो तल्ला गरी जम्मा २ तल्ला सम्म मात्र भएको हुनुपर्नेछ ।

नागेन्द्र यादव
प्रमुख प्रशासकीय अधिकृत

कामनी व्यूटी पार्लर

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ । यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी




# बढ्दो बेरोजगारी, थपिँदो चुनौती

- काम गर्ने इच्छा, क्षमता तथा योग्यता भएर पनि कुनै आयमूलक पेसा व्यवसायमा संलग्न हुन नपाउनु बेरोजगारी हो । सक्रिय जनशक्ति रोजगारविहीन हुनु मुलुकको विकास तथा प्रगतिमा बाधक मात्र होइन, राष्ट्रिय अर्थतन्त्रका लागि टाउको दुखाइको विषय हो । वास्तवमा गरिबीको कारण र परिणाम दुवै हो, बेरोजगारी । त्यसैले बेरोजगारी, न्यून आय, न्यून बचत र गरिबी बीचको दुश्चक्र निरन्तर चलिरहन्छ । उच्च बेरोजगारी दर तथा सक्रिय जनशक्ति पलायनले मुलुकका विकास लक्ष्यहरू प्राप्तिमा चुनौतीसमेत खडा गरिरहेका छन । तेस्रो नेपाल श्रमशक्ति सर्वेक्षण अनुसार देशमा श्रमक्षेत्रमा सक्रिय हुन सक्ने करिब ८० लाख मानिसमध्ये ९ लाख ८ हजार जना बेरोजगार छन ।

अर्थात् काम गर्न सक्ने उमेरका हरेक सयमध्ये ११ जनाभन्दा धेरै आर्थिक रूपमा निष्क्रिय भएर बस्नुपरिरहेको छ । यस्तो बेरोजगारी दर महिलामा १३.१ प्रतिशत र पुरुषमा ११.३ प्रतिशत छ । अझ १५ वर्षभन्दा माथिको उमेरका कुल जनसंख्यामध्ये केवल ३४.३ प्रतिशत मानिस मात्र रोजगारीमा छन्, जसमा पुरुष रोजगारी सहभागिता ४८.३ रहँदा महिलाको केवल २२.९ प्रतिशत छ । देशमा हरेक सय महिलामा ७७ जना बेरोजगार रहेको यो तथ्यांक वास्तवमै दयनीय हो । कोभिड महामारीअघिको यो तथ्यांकमा महामारीपछिको आर्थिक शिथिलताले ठूलो फेरबदल ल्याइसकेको छ । कोभिड महामारीका बेला नेपालमा करिब १५ लाखले रोजगारी गुमाएको विभिन्न अध्ययनले देखाएका छन् । कोभिडले अर्थतन्त्रमा पारेको प्रभावबारे नेपाल राष्ट्र बैंकले गरेको सर्भेक्षण अनुसार लकडाउनमा उद्योग प्रतिष्ठानहरूले औसतमा २२.५ प्रतिशत श्रमिक तथा १८.२ प्रतिशत तलब कटौती गरेका थिए । होटल तथा रेस्टुरेन्टले त त्यस अवधिमा ४० प्रतिशतसम्म श्रमिक कटौती गरेका थिए । देशको अर्थतन्त्रमा अझै सुधार नभइसकेकाले त्यसयता बेरोजगारी दर झनै बढिरहेको सहजै अनुमान गर्न सकिन्छ । विकसित मुलुकमा नयाँ रोजगारी वृद्धि तथा बेरोजगारको संख्या हरेक महिना तथा त्रैमासिक रूपमा अध्ययन तथा सर्भेक्षण भई सार्वजनिक हुने भए पनि हाम्रो देशमा यस्तो तथ्यांकका लागि एक दशकमा हुने श्रमशक्ति सर्भेक्षण कुर्नुपर्ने बाध्यता छ । नेपालमा हरेक वर्ष ५ लाखभन्दा धेरै युवा जनशक्ति श्रम बजारमा प्रवेश गर्छन् । तर न्यून रोजगारी वृद्धिदर र स्वदेशी बजारले श्रमशक्ति खपत नगर्दा दिनहुँ करिब २ हजार अर्थात् महिनामा करिब ६० हजार युवा वैदेशिक रोजगारीका लागि देश छाड्न बाध्य छन । वैदेशिक रोजगार विभागका अनुसार गत आर्थिक वर्षमा साढे ७ लाखभन्दा धेरैले विदेश जान श्रम स्वीकृति लिएका थिए । गत वर्षको फागुनमा त एकै महिनामा ६१ हजार ८ सय ४५ जना वैदेशिक रोजगारीमा गएका थिए । श्रममूलक गन्तव्यका अलावा अध्ययन तथा रोजगारीलाई सँगै लैजाने उद्देश्यसहित पश्चिमा मुलुक जाने किशोरकिशोरी तथा युवायुवतीको लर्को पनि सानो छैन । अर्थात् देशको रोजगार बजारले सक्रिय श्रमशक्ति तथा बौद्धिक प्रतिभालाई खपत र आकर्षित गर्न नसक्दा बौद्धिक पलायन र श्रम पलायन चरम अवस्थामा पुगेको छ । उच्च शिक्षाका लागि विदेश जाने विद्यार्थीको संख्या अत्यधिक भएसँगै देशभरका ५ सय ३९ वटा क्याम्पस बन्द हुने अवस्थामा पुगेको समाचार गत असारमा सार्वजनिक भएको थियो । शिक्षा मन्त्रालयका अनुसार गत आर्थिक वर्षमा १ लाख १० हजारभन्दा धेरै विद्यार्थीले विदेश पढ्न जानका लागि 'नो अब्जेक्सन' प्रमाणपत्र लिएका थिए ।

रोचक त के छ भने नेपाली विद्यार्थी पढ्नका लागि भन्दै विश्वका विभिन्न १ सय ११ वटा मुलुकमा जाने गरेका छन् । यसबाट वार्षिक १ खर्बभन्दा धेरै रकम बाहिरिने गरेको तथ्यांक छ, जुन अर्थतन्त्रका लागि पनि प्रत्युत्पादक बनिरहेको छ । विश्व बैंकका अनुसार नेपालको बेरोजगारी स्थिति दक्षिण एसियामै सबैभन्दा उच्च छ । आर्थिक वृद्धि तथा रोजगारी सृजनाका लागि सरकारले लिएका आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम तथा क्षेत्रगत नीति तथा योजनाहरूका लक्ष्य सफल हुन सकिरहेका छैनन् । बौद्धिक जनशक्ति पलायनको डरलाग्दो अवस्था तत्कालै रोकिने देखिँदैन । कक्षा १२ उत्तीर्ण गरेका विद्यार्थी जसरी पनि पढ्ने निहुँमा विदेश भासिन लालायित देखिन्छन् । भविष्यमा आफ्नो योग्यता सुहाउँदो र गुणस्तरीय जीवनयापनका लागि पर्याप्त आयसहितको रोजगारी देशभित्रै पाइन्छ भन्ने कुनै आशा गर्न नसकेका किशोरकिशोरी अब नेपालमै पढेर शिक्षित बेरोजगार बन्न चाहँदैनन् । सूचना प्रविधिको तीव्रतर विकास र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) ले मानवीय क्षमतामाथि नै धावा बोलिरहेको अहिलेको चलायमान समयमा हाम्रो मुलुकको राजनीति, शिक्षा, रोजगार बजार तथा अर्थतन्त्रले बिजुली गतिका नयाँ पुस्तालाई सपनाको आकाशमा उडान भर्नबाट रोक्न सक्ने कुनै छाँट छैन । उनीहरूको प्रमुख उद्देश्य अध्ययनसँगै रोजगारी पनि हो । अनि त्यसरी बाहिरिएका विद्यार्थी भविष्यमा नेपाल फर्किने वा तत्काल आफ्नो आयको रकम नेपाल पठाउने सम्भावना नगण्य हुने गर्छ । हरेक वर्ष देशको श्रम बजारमा थपिने ५ लाख जनशक्तिमध्ये औपचारिक रोजगारीको क्षेत्रमा ५ प्रतिशतभन्दा पनि कम खपत हुने अवस्था छ । बाँकी ९५ प्रतिशत रोजगारीका लागि बिदेसिनु बाध्यता बनिरहेको छ । यसमा बिदेसिने विद्यार्थीको संख्यासमेत जोड्दा वार्षिक ८ लाख पुग्छ । यहीँ रोजगारी पाउनेमध्ये पनि अर्धबेरोजगार धेरै छन् । अधिकांश पूर्णकालीन रोजगारी गर्नेहरूको न्यूनतम पारिश्रमिक परिवारको रोजीरोटी र बालबच्चाको शिक्षादीक्षा खर्च धान्न पर्याप्त छैन । रोजगारीका औपचारिक र व्यावसायिक क्षेत्रहरूको संकुचन र सीमितताका कारण बेरोजगारमध्ये धेरैजसो महिला नै छन् । यसर्थ बेरोजगारीले महिलाको क्षमतालाई खुम्च्याइरहेको पनि मान्न सकिन्छ । श्रम बजारमा भित्रिनेभन्दा बिदेसिने जनशक्तिको संख्या अत्यासलाग्दो गरी बढी हुनु निकै भयानक संकेत हो । यसले मुलुक बिस्तारै युवा जनशक्तिविहीन बन्दै अन्धकार भविष्यतर्फ उन्मुख भैरहेको छ ।

*सांभार : कान्तिपुर ।*





## कम्प्यूटर टाईप-प्रिन्ट



सस्तो, शुलभ, उत्कृष्ट विश्वसनीय एवं भरपर्दो पत्र, पत्रिका, बुलेटिनहरु कम्प्यूटर टाईपिंग & सेटिंग तथा कम्प्यूटर टाईप-प्रिन्ट, फोटोकापी, स्केनिंग, लेमिनेशन सम्बन्धी सम्पूर्ण कामकाज गराउनका लागि सम्फनुहोस ।

-: दिलीप कुमार साह :-

सम्पर्क नं.-९८४४०५१४८७, ९८१७६२०२०२ (जनकपुरधाम, माछा बजार)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला





कविलासी नगरपालिकाको कार्यालय, सर्लाही

विगत केही दिनदेखी समुदायमा व्यापक रुपमा आँखा पाक्ने रोग फैलिइरहेकोले उक्त रोगबाट बच्न र बचाउनका लागि निम्न उपायहरु अपनाउन हुन सम्बन्धित सबैमा अनुरोध छ ।

**आँखा पाक्ने रोगका प्रमुख लक्षणहरू :**

- एक्कासी एउटा अथवा दुवै आँखा रातो हुने ।
- आँखा धेरै चिलाउने ।
- आँखामा कचेरा लाग्ने तथा टाँसिने ।
- आँखाबाट आँसु बगिरहने ।
- आँखा सुन्निने, दुख्ने/बिझाउने ।



**आँखा पाक्ने रोगबाट बच्ने उपायहरू :**

- जथाभावी रुपमा आँखा नछुने/आँखा छुनुभन्दा पहिले राम्ररी साबुन पानीले हात सफा गर्ने ।
- सफा पानीले आँखा सफा गर्ने ।
- अरुले प्रयोग गरेका तौलिया/रुमाल प्रयोग नगर्ने ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

**आाखा पाक्ने रोग लागिहालेमा के गर्ने :**

- पटक-पटक सफा चिसो पानीले आँखा सफा गर्ने ।
- आँखा छोइसकेपछी हरेक पटक साबुन पानीले हात सफा गर्ने ।
- आफूले प्रयोग गर्ने रुमाल, तौलिया, कपडा छुट्टाछुट्टै राख्ने र अरुलाई प्रयोग गर्न वा छुन नदिने ।
- कालो चस्माको प्रयोग गर्ने ।
- आफुले प्रयोग गरेको सिरानीको खोल, तन्ना हरेक दिन सफा गर्ने ।
- जथाभावी रुपमा आँखामा औषधिको प्रयोग नगर्ने ।

सामान्यतया यो रोग १ हप्ताभित्र आफै निको भएर जान्छ तर समस्या बढ्दै गएमा तुरुन्त स्वास्थ्य संस्थाहरुमा गई स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्दछ ।

हरिपुर्वा नगरपालिकाको कार्यालय, सर्लाही

# अवैध सामान, पिकअप भ्यान र मोटरसाइकल सहित ६ जना तस्कर पक्राउ

जलेश्वरटुडे समाचारदाता
रौतहट, ४ असोज



रौतहट स्थित २५ लाख भन्दा बढीको विभिन्न प्रकारको अवैध सामान, एकथान पिकअप भ्यान र मोटरसाइकलसहित ६ जना तस्करलाई प्रहरीले पक्राउ गरेको छ ।

दीपावली तथा छठलाई लक्षित गरेर तस्करहरूले ठुलो परिमाणमा किराना सामान भारतीय बजारबाट तस्करीको माध्यमले भित्र्याइरहेका सूचनाको आधारमा उक्त सामान सहित ६ जना पक्राउ परेको रौतहट प्रहरी प्रमुख एसपी महेन्द्र कुमार श्रेष्ठले बताए । सीमावर्ती भारतीय बजार बरगिनिया , घोदासहन लगायत बजारबाट तस्करहरुले भन्सार छलेर माछा, आलु, प्याज, सुजी, चिनी, विभिन्न ब्राण्डका मदिरा, लगायत २५ लाख दुई हजार रुपैयाँको सामानसहित छुट्टाछुट्टै नाकाबाट प्रहरीले उक्त सवारी साधन तथा तस्करलाई नियन्त्रणमा लिएको एसपी श्रेष्ठले बताए । बरामद सामान, सवारी साधन सहित पक्राउ परेकालाई आवश्यक कारबाहीको लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday